धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश, नेपाल
Dhangadhi, Siraha, Madesh Province, Nepal
पञ्जीकरण शाखा
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०८१/८२
च.नं.(Ref.No.):

मिति:२०८२।०३।३१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

सामाजिक सुरक्षा नियमावली २०७६(दोश्रो संशोधन) को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०८२ श्रावन १ गते देखि भाद्र मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा तपसिल बमोजिमका कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

बालबालिका, पूर्ण अपाङ्ग भएका,९० बर्ष माथिका जेष्ठ नागरिक तथा आफै उपस्थित हुन नसक्ने (अशक्त) को हकमा संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन्।

तपसिलः
१.निवेदन,
२.सामाजिक सुरक्षा भत्ता परिचय पत्रको प्रतिलिपी १ प्रति,
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रति (सक्कल अनिवार्य)
४.बैंक खाता नं. (अनिवार्य),
५.हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति,
६.बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतीलिपी १ प्रति,
७.अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी १ प्रति,
८.विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रती र अर्को विवाह नगरेको वडाको सिफारिस साथै एकल महिलाको हकमा पनि अर्को विवाह नगरेको वडाको सिफारिस साथै एकल महिलाको हकमा पनि अर्को विवाह नगरेको वडाको सिफारिस,
९. सम्बन्धित लाभग्राहीको परिचयपत्र नम्बर र बालबालिकाको हकमा संरक्षकको राष्ट्रिय परिचयपत्र नं.

**नोटः** तोकिएको समयसीमा भित्र नवीकरण नगराएमा सिस्टमबाट लाभग्राहीको नाम स्वत लगत कट्टा हुने र त्यस्ता लाभग्राहीहरु पुनः सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐनको दफा १२ बमोजिमको निबेदन दिन सक्नेछन् र सो समयावधि विचको भत्ता प्रप्त हुनेछैन।

धिरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत